प्रस्तावहरु :

१. धन्यवाद् दिने ।
२. प्रमाणिकरण कार्यविधि स्वीकृत गर्ने ।
३. बैठक संचालन कार्यविधि स्वीकृत गर्ने ।
४. कार्यपालिका कार्य सम्पादन नियमावली स्वीकृत गर्ने ।
५. राजश्व परामर्श समिति गठन ।
६. श्रोत अनुमान समिति गठन ।
७. बजेट तर्जूमा समिति गठन ।
८. कर्मचारी म्याद थप ।
९. विविध

निर्णय नं. १

स्थानीय तहको निर्वाचनको क्रममा धनकुटा नगरपालिकाको निर्वाचन मिति २०७४ साल असार १४ गतेका दिन सहज, व्यवस्थीत एवम् शान्तिपूर्ण रुपमा सम्पन्न गर्ने नेपाल सरकार, निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृत, राजनैतिकदल, मतदाताहरु, मतदान अधिकृत, निर्वाचनको प्रकृयामा सम्बद्ध कर्मचारीहरु, सुरक्षाकर्मीहरु, संचारकर्मी प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद् ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय माननीय उपप्रधान तथा स्थानीय विकास मन्त्रीस्तरीय मिति २०७४।२।२४ को निर्णयानुसार मन्त्रालयको संघीय मामिला शाखाको च.न. २८८ मिति २०७४।२।२८ को पत्रसाथ प्राप्त भएको नमूना नियमावलीलाई आधारमानी तयार भएको धनकुटा नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ लाई नेपालको संविधानको धारा २१४ को उपधारा (५) बमोजिम स्वीकृत गरियो ।

३. सदस्य : वडाध्यक्ष श्री नरेश श्रेष्ठ
४. सदस्य : वडाध्यक्ष श्री कमल बहादुर कार्की
५. सदस्य : उमेश घिमिरे, अध्यक्ष, धनकुटा उद्योग बाणिज्य संघ
६. सदस्य सचिव : राजश्व अधिकृत श्री राजु गुरागाईं

निर्णय नं. ६
धनकुटा नगर कार्यपालिकालाई प्राप्त हुन सक्ने कुल आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तयार गर्न स्थानीय तहको योजना तथा बजेट तर्जूमा  दिग्दर्शन, २०७४ को बुँदा २.२ बमोजिम तपसिल बमोजिमको धनकुटा नगरपालिका श्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :
१. संयोजक : प्रमुख श्री चिन्तन तामाङ्ग
२. सदस्य : उपप्रमुख श्री शकुन्तला बस्नेत
३. सदस्य : कार्यकारी अधिकत श्री तीर्थप्रसाद धिताल
४. सदस्य : वडाध्यक्ष श्री निरेन तामाङ
५. सदस्य : वडाध्यक्ष श्री मनोज राय
६. सदस्य : कार्यपालिका सदस्य श्री रमा बराल
७ सदस्य सचिव : इन्जिनियर श्री मिङमा दोर्जी शेर्पा

निर्णय नं. ७
धनकुटा नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तयार भएको आयको प्रक्षेपण र  वितरणको खाकामा आधारित भई नेपालको संविधानको धारा २३० बमोजिम स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रम तर्जूमा गर्न स्थानीय तहको योजना तथा बजेट तर्जूमा  दिग्दर्शन, २०७४ को बुँदा २.३ बमोजिम तपसिल अनुसारको बजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :
१. संयोजक : उपप्रमुख श्री शकुन्तला बस्नेत
२. सदस्य :  संयोजक, सार्वजनिक सेवा तथा क्षमता विकास समिति
३. सदस्य :  संयोजक, आर्थिक विकास समिति
४. सदस्य :  संयोजक, सामाजिक विकास समिति
५. सदस्य :  संयोजक, पूर्वाधार विकास समिति
६. सदस्य :  संयोजक, वातावरण तथा विपद् व्यवस्थापन समिति
७. सदस्य :  संयोजक, विधेयक समिति
८. सदस्य सचिव : कार्यकारी अधिकृत श्री तीर्थप्रसाद धिताल

निर्णय नं. ८
यस नगर कार्यपालिकाको कार्यालय अन्तरगत कार्यरत अस्थायी तथा करार सेवाका कर्मचारीहरुबाट कार्यालयको नियमित कामकाज सम्पादन गरिदै आएकोमा २०७४ साल असार मसान्त देखि म्याद समाप्त भएको एवम् नियमित नगरसरसफाई, फोहोर व्यवस्थापन केन्द्र संचालन व्यवस्थापन लगायतका कार्यहरु निजी व्यक्तिहरुवाट सेवा खरिद गरी सेवा करार मार्फत सम्झौता नविकरण गरी कार्य सम्पन्न गरिदै आएकोमा यही मिति २०७४ असार मसान्त देखि म्याद समाप्त भएकोले कार्यालयको नियमित सेवा व्यवस्थापन गर्न देहायका व्यक्ति मार्फत गरिदै आएको सेवालाई थप निरन्तरता दिन आवश्यक भएकाले सो सम्वन्धमा तपशिलका व्यक्तिहरुको अस्थायी तथा करार सेवाको म्यादथप तथा सेवाकरार सम्झौता नविकरण गर्नु पर्ने भनि नगर कार्यपालिकाको कार्यालयबाट पेश भएको विवरण उपर छलफल गरी तपशिल बमोजिमका व्यक्ति तथा कर्मचारीहरुको मिति २०७४ साल श्रावण १ गते देखि २०७४ साल पौष मसान्त सम्मको लागि म्याद थप तथा नविकरण गरी नियमति कामकाज लगाउने निर्णय गरियो ।

**अस्थायी तथा करार सेवाका कर्मचारीहरुको विवरण :**

धनकुटा नगर कार्यपालिकाले आफुले सम्पाद्न गरेका कार्य वा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउन धनकुटा नगरपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १७ बमोजिम वडाध्यक्ष श्री जम्सेर राईलाई धनकुटा नगर कार्यपालिकाको प्रबक्ता तोक्ने निर्णय गरियो ।

निर्णय नं. १०

धनकुटा नगरपालिकाका वडा नं. १, २, ६ र ९ को वडा  कार्यालय स्थापना गरी वडा केन्द्रबाट नै सेवा प्रवाह भईसकेकाले बाँकी वडाहरुको समेत यथाशिघ्र वडा कार्यालय स्थापना गरी सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

नेपाल सरकारबाट राहत प्राप्त गर्ने प्रकृयाका लागि सम्झौता गरेका पूर्णक्षेती पुगेका नगर क्षेत्रका भूकम्प पिडितहरुको घर निर्माण गर्न नगर कार्यापालिकाबाट अनुमति लिँदा लाग्ने घर नक्सापास दस्तुर लाई शतप्रतिशत छुट दिने निर्णय गरियो ।

निर्णय नं. १२

धनकुटा नगरको शहरी क्षेत्रका रहेको सवारी पार्किङ्ग सम्बन्धी वर्तमान समस्या व्यवस्थापन गर्न आवश्यक अध्ययन अवलोकन गरी पन्ध्र दिन भित्र प्रतिवेदन पेश गर्न तपसिलको सवारी पाकिङ्ग व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१. संयोजक : श्री जंग बहादुर राई  
२. सदस्य : श्री नरेश श्रेष्ठ  
३. सदस्य : श्री सर्मिला राई

निर्णय नं. १३

उल्लेखित निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय सहित आजको बैठक समापन गरियो ।